महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

दुई-शब्द

महाभारत गाउँपालिकाको समग्र विकास, नागरिकको सुख, सम्मान र समृद्धिलाई मूल ध्येय बनाउँदै आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकारको प्रभावकारी प्रयोग गर्दै स्थानीय आवश्यकता, नागरिकका अपेक्षा र उपलब्ध स्रोत—साधनलाई केन्द्रमा राखी यस वर्षको नीति तथा कार्यक्रम र बजेट तयार गरिएको छ ।

सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनलाई विकासको आधार बनाउँदै अघि बढ्ने क्रममा गाउँपालिकाले लगातार तीन आर्थिक वर्ष शून्य बेरुजु कायम गर्न सफल भएको छ । यो उपलब्धि गाउँपालिकाको संस्थागत सुशासन र वित्तीय अनुशासनको मात्र परिणाम नभई जनप्रतिनिधि, कर्मचारी र सम्पूर्ण सरोकारवालाको साझा प्रयासको प्रतिफल हो । आगामी दिनमा यसलाई अझ सुदृढ गर्दै नागरिकमैत्री, पारदर्शी र परिणाममुखी सेवा प्रवाहलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी, उद्यमशीलता, पूर्वाधार विकास तथा गुणस्तरीय सार्वजनिक सेवालाई प्राथमिकतामा राखिएको छ । स्थानीय उत्पादन र रोजगारी वृद्धि गर्दै उपलब्ध स्रोत-साधनको अधिकतम उपयोगमार्फत समृद्ध र आत्मनिर्भर महाभारत निर्माण गर्ने हाम्रो लक्ष्य रहेको छ ।

यस रातो किताबमार्फत गाउँपालिकाका नीति, कार्यक्रम तथा बजेटलाई आम नागरिकसमक्ष पारदर्शी रूपमा प्रस्तुत गरिएको छ। यसको सफल कार्यान्वयनका लागि महाभारत गाउँपालिकाका सम्पूर्ण बासिन्दा, आम नागरिक, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत्, निजी तथा सहकारी क्षेत्र, सामुदायिक संघ—संस्था, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाको निरन्तर सहयोग, सहभागिता र रचनात्मक सुझावको हार्दिक अपेक्षा गर्दछु ।

अन्त्यमा, महाभारतको विकास र समृद्धिको यात्रामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गाउँपालिकाबासी तथा शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दै "समृद्ध महाभारत : सुखी नागरिक, समुन्नत समाज" को साझा लक्ष्य प्राप्तिका लागि हामी सबै एकताबद्ध भएर अघि बढ्ने विश्वास व्यक्त गर्दछु ।

.....
२६ असार, २०८३ कान्छालाल जिम्वा
अध्यक्ष

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना

महाभारत गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट (रातो किताब) प्रकाशनको यस महत्वपूर्ण अवसरमा सम्पूर्ण गाउँपालिकाबासी तथा नीति, योजना र विकास प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिनुहुने सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

स्थानीय आवश्यकता र नागरिकका अपेक्षालाई सम्बोधन गर्दै उपलब्ध स्रोत-साधनको उचित परिचालन, समान अवसर र समावेशी विकासलाई केन्द्रमा राखी यस आर्थिक वर्षका नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरिएको छ । गुणस्तरीय सेवा प्रवाह, प्रभावकारी योजना कार्यान्वयन, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै गाउँपालिकाको विकासलाई थप व्यवस्थित र परिणाममुखी बनाउने प्रयास गरिएको छ ।

विकास केवल बजेट र योजनाबाट मात्र सम्भव हुँदैन; त्यसका लागि जनप्रतिनिधि, कर्मचारी र नागरिकबीचको सहकार्य, विश्वास र साझा जिम्मेवारी आवश्यक हुन्छ । त्यसैले यस रातो किताबमा समेटिएका योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण गाउँपालिकाबासी, नागरिक समाज, सञ्चार जगत्, निजी तथा सहकारी क्षेत्र, सामुदायिक संस्था तथा अन्य सरोकारवालाको रचनात्मक सहभागिता रहने विश्वास लिएको छु ।

यस प्रकाशनले गाउँपालिकाका नीति, कार्यक्रम तथा बजेटबारे आम नागरिकलाई सुसूचित गराउनुका साथै योजना कार्यान्वयनमा पारदर्शिता, नागरिक निगरानी र जवाफदेहिता अभिवृद्धि गर्न सहयोग पुर्‍याउने अपेक्षा गरेको छु ।

अन्त्यमा, आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट निर्माण र यस प्रकाशनलाई पूर्णता दिन सहयोग पुर्‍याउनुहुने गाउँपालिका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरू, कर्मचारीहरू तथा सम्पूर्ण सहयोगी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै यस वर्षका नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयन र महाभारतको समुन्नत भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ असार, २६

.....
सागर मोक्तान
उपाध्यक्ष

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प्रशासनिक प्रतिबद्धता

महाभारत गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट समेटिएको **"रातो किताब"** प्रकाशनको यस अवसरमा सम्पूर्ण गाउँपालिकाबासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत्, निजी तथा सहकारी क्षेत्र र सम्पूर्ण सरोकारवालामा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गाउँपालिकाको विकास र सेवा प्रवाहलाई सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनसँग जोड्दै उपलब्ध स्रोत—साधनको अधिकतम सदुपयोग गर्ने प्रयास भइरहेको छ । यसै क्रममा लगातार तीन आर्थिक वर्ष शून्य बेरुजु कायम गर्न सफल हुनु हाम्रो संस्थागत सुशासन र जिम्मेवार वित्तीय व्यवस्थापनको महत्वपूर्ण उपलब्धि हो ।

यस **"रातो किताब"**लाई बजेट र कार्यक्रमको विवरण मात्र नभई गाउँपालिकाको विकास प्राथमिकता, कार्यदिशा र नागरिकप्रतिको प्रतिबद्धताको दस्तावेजका रूपमा लिएको छु । यसमा समेटिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत गुणस्तरीय सेवा प्रवाह, विकास निर्माण र नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

नीति, योजना र बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर रहने भएकाले जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाबीचको समन्वय, सहकार्य र उत्तरदायित्वपूर्ण भूमिकाको अपेक्षा गर्दछु । अन्त्यमा, नीति, कार्यक्रम तथा बजेट निर्माण र **"रातो किताब"** प्रकाशनमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै सुशासन, प्रभावकारी सेवा प्रवाह र वित्तीय अनुशासनलाई थप सुदृढ गर्दै महाभारतको विकास यात्रालाई परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद!

.....
नारायण प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

२०८३ असार, २६


विषय-सूची

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम १-२३
आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य २४-२३
अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३
महाभारत गाउँपालिकाको आ.व.०८३/०८४ को विनियोजन ऐन, २०८३
आर्थिक वर्ष २०८३/०८४ को स्रोत मिलान
आर्थिक वर्ष २०८३/०८४ संघीय शसर्त अनुदान
आर्थिक वर्ष २०८३/०८४ बागमती प्रदेश शसर्त अनुदान
महाभारत गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को विषयगत बजेट
राष्ट्रिय रोजगार कार्यक्रम विवरण



महाभारत गाउँपालिका

वार्षिक नीति, कार्यक्रम तथा बजेट



आ.व. २०८३/०८४

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक

सभाका सदस्यज्यूहरू,

राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,
महाभारत गाउँपालिकाको गाउँसभाको यस १९ (उन्नाइसौं) अधिवेशनको गरिमामय अवसरमा यहाँहरूको उत्साहपूर्ण जिम्मेवार र अर्थपूर्ण उपस्थितिप्रति हार्दिक सम्मान व्यक्त गर्दै सम्पूर्णमा हार्दिक स्वागत गर्दछु । आजको यस ऐतिहासिक अवसरमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित अनुभूति गरिरहेको छु । यहाँहरूको विश्वास, सहयोग, सुझाव र साथले नै गाउँपालिकालाई सुशासन, विकास र समृद्धिको मार्गमा निरन्तर अगाडि बढ्न प्रेरित गरेको छ ।
संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, लोकतान्त्रिक अधिकारको सुनिश्चितता, सामाजिक न्याय, समावेशी तथा समानतामूलक समाज निर्माणका लागि विभिन्न कालखण्डमा भएका जनयुद्ध, जनआन्दोलन तथा लोकतान्त्रिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विशेषतः यस महाभारत भूमिको गौरव बढाउँदै परिवर्तन, न्याय र समानताको महान् अभियानमा आफ्नो जीवन बलिदान गर्नुहुने अमर सहिदहरू कुलबहादुर राना मगर, ज्ञानबहादुर गोले, प्रविना बज्यू, शक्ति, लिला बहादुर मोक्तान (निर्माण), प्रमिला माझी, विमला वाईबा, राजु नेपाली(प्रहार), दिलबहादुर बोम्जन (दीपक), विष्णुमाया थिङ (सीमा) र विष्णु स्याङ्तानलगायत सम्पूर्ण वीर सपुतहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । उहाँहरूले स्थापित गर्नुभएको त्याग समर्पणको आदर्शले भावी पुस्तासमेतलाई निरन्तर प्रेरित गर्दै हाम्रो विकास र समृद्धिको यात्रालाई दिशानिर्देश गरिरहनेछ ।
यसैगरी लोकतन्त्र, सुशासन र सामाजिक न्यायको पक्षमा आवाज उठाउने क्रममा जीवन गुमाउनु भएका जेन्जी पुस्ताका युवा सहिदहरूप्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता पारिएका व्यक्ति तथा पीडित परिवारजनप्रति गहिरो सम्मान र ऐक्यबद्धता व्यक्त गर्दछु ।

सभाका सदस्यज्यूहरू,

महाभारत गाउँपालिका काभ्रेपलाञ्चोक जिल्लाको सबैभन्दा विशाल भौगोलिक क्षेत्रफल ओगट्ने स्थानीय तह हो । करिब १८६ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको हाम्रो गाउँपालिकामा राष्ट्रिय जनगणना, २०७८ अनुसार ३,१७४ घरपरिवारमा कूल १६,०७९ जनसङ्ख्याको बसोबास रहेको छ, जसमा पुरुष ७,८८० र महिला ८,१९९ रहेका छन् ।
प्राकृतिक सौन्दर्य, जैविक विविधता, ऐतिहासिक महत्व, सांस्कृतिक सम्पदा तथा कृषि विविधताले सम्पन्न हाम्रो गाउँपालिका समुद्री सतहबाट करिब २,५०० मिटर उचाइमा अवस्थित म्हाबर लेक, भूमीचुली लेक, ताराखसे लेक, मेलुङ झर्ना, कोन्ज्योसोम बुद्ध मूर्ति, देवीटार सल्लेनी हजार सिँढी, दीपक शहीद स्मारक पार्क, रमित्ते डाँडा, जनमुक्ति राजमार्ग पदयात्रा, चैत्यपानी तथा रमणीय कफी बगैँचाजस्ता प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा साहसिक पर्यटनका आकर्षणहरूले समृद्ध छ ।
तामाङ, मगर, नेवार, ब्राह्मण, क्षेत्री, माझी, दलित, पहरीलगायत विविध जातजाति तथा समुदायबीचको सद्भाव, सहअस्तित्व र सामाजिक एकता हाम्रो अमूल्य सम्पत्ति हो । कृषि, पशुपालन, कफी खेती, अदुवा उत्पादन तथा स्थानीय उद्यमशीलतामा आधारित अर्थतन्त्रलाई थप उत्पादनमुखी, व्यावसायिक र दिगो बनाउँदै स्थानीय उत्पादन, पर्यटन र रोजगारीसँग जोड्ने हाम्रो महत्वपूर्ण सम्भावना रहेको छ ।

प्राकृतिक, सांस्कृतिक तथा कृषि सम्पदा, स्थानीय ज्ञान, सीप र उद्यमशीलताको समुचित उपयोग गर्दै कृषि तथा पर्यटनको प्रवर्द्धन, रोजगारी र आयआर्जनका अवसर विस्तारमार्फत समृद्ध, आत्मनिर्भर र समुन्नत महाभारत निर्माण गर्ने आधारलाई थप सुदृढ बनाउँदै लैजान हामी प्रतिबद्ध छौं ।

सभाका सदस्यज्यूहरू,

वर्तमान समयमा विश्व समुदायमा विभिन्न आर्थिक, राजनीतिक तथा वातावरणीय चुनौतीहरूको सामना गरिरहेको छ । पछिल्लो समय अमेरिका र इरानबीच विकसित भएको तनावपूर्ण परिस्थिति तथा त्यसबाट उत्पन्न भू-राजनीतिक अस्थिरताले विश्व अर्थतन्त्रमा थप अनिश्चितता सिर्जना गरेको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धन तथा अत्यावश्यक वस्तुको मूल्यमा देखिएको उतारचढाव, आपूर्ति शृङ्खलामा परेको प्रभाव तथा आर्थिक गतिविधिमा आएको सुस्ततालेे नेपालजस्ता आयातमा निर्भर अर्थतन्त्रलाई समेत प्रत्यक्ष र अप्रत्यक्ष असर पार्ने संकेत देखिएका छन् ।

यस्ता बाह्य चुनौतीका बाबजुद हामीले स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण, उत्पादन वृद्धि, वित्तीय अनुशासन र सुशासनलाई थप सुदृढ बनाउने दिशामा निरन्तर प्रयास गरिरहेका छौं । सीमित स्रोत र बढ्दो आवश्यकताबीच सन्तुलन कायम गर्दै जनअपेक्षाअनुरूप विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने हाम्रो प्रतिबद्धता अटल रहेको छ ।

यसै सन्दर्भमा, महाभारत गाउँपालिकाले विगत लगातार तीन आर्थिक वर्षदेखि 'शून्य बेरुजु÷ कायम राख्दै वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिताको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ । यी उपलब्धिहरू कुनै एक व्यक्ति वा संस्थाको मात्र सफलता होइनन्; यो सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण गाउँवासीको साझा प्रतिबद्धता, परिश्रम र सहकार्यको प्रतिफल हो । यी उपलब्धिहरूले हामीलाई गौरवको अनुभूति मात्र गराएका छैनन्, आगामी दिनमा अझ उत्कृष्ट कार्यसम्पादनका लागि थप जिम्मेवार र प्रतिबद्ध बन्न प्रेरित समेत गरेका छन् ।

गाउँसभाका सदस्यज्यूहरू,

अब हाम्रो यात्राले अझ स्पष्ट दिशा र तीव्र गति लिनेछ । दिगो विकास, वातावरणीय सन्तुलन, सुशासन, प्रविधिमैत्री सेवा प्रवाह, कृषि आधुनिकीकरण, उत्पादनमुखी अर्थतन्त्र, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, पर्यटन प्रवर्द्धन तथा सामाजिक न्यायलाई केन्द्रमा राखेर आगामी वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् । डिजिटल प्रविधिको अधिकतम उपयोगमार्फत स्थानीय सरकारका सेवाहरूलाई नागरिकको घरदैलोमै सहज, छिटो, पारदर्शी र प्रभावकारी रूपमा पुर्‍याइनेछ ।

हाम्रा अग्रजहरूको त्याग, वर्तमान पुस्ताको मेहनत र भावी पुस्ताको सपनालाई मार्गदर्शन मान्दै हामी विकास र समृद्धिको नयाँ अध्याय प्रारम्भ गर्दैछौं । महाभारतको प्राकृतिक सौन्दर्य, उत्पादनशील भूमि, सांस्कृतिक सम्पदा र मानव पूँजीलाई विकासको आधारशक्तिका रूपमा उपयोग गर्दै आत्मनिर्भर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो अभियान अझ सशक्त रूपमा अगाडि बढ्नेछ ।

विकासका प्रतिफललाई प्रत्येक नागरिकसम्म समान रूपमा पुर्‍याउँदै, जनसहभागिता, पारदर्शिता, जवाफदेहिता र सहकार्यको संस्कृतिलाई थप मजबुत बनाइनेछ । यस महान् यात्रामा सम्पूर्ण गाउँवासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदारहरूको सक्रिय सहयोग र ऐक्यबद्धता नै हाम्रो सबैभन्दा ठूलो शक्ति हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

अब, म यस सम्मानित सभामा आर्थिक वर्ष २०८३/०८४ नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अगाडि गत वर्ष ०८२/०८३ मा हामीले हासिल गरेका महत्त्वपूर्ण उपलब्धिहरुको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

सभाका सदस्यज्यूहरू,

महाभारत गाउँपालिकाको विकास र समृद्धिको यात्रामा हामीले गत आर्थिक वर्षमा हासिल गरेका उपलब्धिहरूलाई यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरिरहेको छु । सीमित स्रोतसाधन र विविध वित्तीय चुनौतीका बाबजुद पनि हाम्रो सामूहिक प्रयासले विकासका हरेक आयाममा महत्त्वपूर्ण फड्को मार्न सफल भएको छ ।

कृषि र पशुपालनः समृद्धिको आधार

'भौगोलिक विशेषतानै समृद्धिको आधार' भन्ने मूल मान्यतालाई आत्मसात् गर्दै कृषि क्षेत्रमा दूरगामी सुधारका कदमहरू चालिएका छन्। उच्च मूल्ययुक्त नगदेबालीका रूपमा कफी प्रवर्द्धनलाई प्राथमिकता दिई आधुनिक बगैंचा व्यवस्थापन र नर्सरी स्थापना गरिएको छ । **'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २० को नोट'** तथा **'एक वडा, एक कृषि उत्पादन'** जस्ता नवप्रवर्तनात्मक कार्यक्रममार्फत कृषकलाई थप प्रोत्साहित गरिएको छ । पशुसेवा र जनस्वास्थ्यमा पनि उल्लेख्य काम भएका छन्; खोरेत रोग नियन्त्रण, निःशुल्क औषधि वितरण, आधुनिक तालिम र नश्ल सुधारका लागि उन्नत जातका पशुपन्छी वितरणमार्फत कृषकको जीवनस्तर उकास्ने प्रयास गरिएको छ ।

स्वास्थ्य र शिक्षा

महाभारत गाउँपालिका स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सफल भएको छ । जिल्ला स्तरिय स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षामा तय गरेका विभिन्न स्वास्थ्य सूचकाङ्कमा काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गतका स्थानीय तहहरु मध्ये प्रथम स्थान हासिल गर्नुका साथै पूर्णखोप सुनिश्चितता कायम गरी **"पूर्णखोप सुनिश्चितता"** प्रमाणपत्र प्राप्त गर्न सफल भएको छ । यी उपलब्धिहरू गाउँपालिकाले स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा प्रभावकारिता अभिवृद्धिमा गरेको निरन्तर प्रयासका प्रमाण हुन् ।

यसका साथै **"महाभारत बन्दैछ, बा—आमालाई सञ्चै छ"** अभियान, नसर्ने रोग परीक्षण, विशेषज्ञ स्वास्थ्य शिविर, क्षयरोग स्क्रिनिङ तथा छात्राहरूका लागि शतप्रतिशत HPV खोप सुनिश्चितता लगायतका कार्यक्रममार्फत नागरिकको स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनमा विशेष जोड दिइएको छ ।

शैक्षिक क्षेत्रको विकास अन्तर्गत यस महाभारत गाउँपालिकाले स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गरिएको छ भने यस कार्यले शिक्षण सिकाईमा थप टेवा पुर्याउन सफल भएका छन् । साथै आगामी दिनमा स्थानीय पाठ्यक्रमको समय सान्दर्भिक विकासको लागि रचनात्मक सल्लाह सुझावको अपेक्षा समेत गर्दछु । 'शिक्षाको प्रगति, महाभारतको समृद्धि' अभियानअन्तर्गत बजेटको ठूलो हिस्सा शैक्षिक पूर्वाधार र डिजिटल साक्षरतामा खर्च गरिएको छ । डिजिटल ईमिस (IEMIS) कार्यक्रम, एकीकृत शैक्षिक क्यालेन्डर र स्थानीय पाठ्यक्रमको तयारीले हाम्रो शैक्षिक जगलाई थप बलियो बनाएको छ ।

भौतिक पूर्वाधार र विकास

पूर्वाधार विकासतर्फ हामीले उल्लेखनीय उपलब्धि हासिल गरेका छौं। यस गाउँपालिकाको मात्र नभई पूर्व—पश्चिम क्षेत्रलाई प्रदेश राजधानीसँग जोड्ने महत्वपूर्ण जनमुक्ति राजमार्गको निर्माण सम्पन्न भएपछि

महाभारत गाउँपालिकाका आम नागरिकको आवागमन, सेवा-सुविधा, व्यापार-व्यवसाय तथा समग्र जीवनम शैलीमा सकारात्मक परिवर्तन आउने विश्वास लिएका छौं ।

हालसम्म जनमुक्ति राजमार्गअन्तर्गत कोल्टार-गोकुले-लभडाँडा खण्डको कालोपत्रे निर्माण सम्पन्न भएको छ भने अन्य खण्डहरूमा नाली निर्माण, ग्राभेलिङ, मेसिनरी वाल, ग्याबियनलगायतका निर्माण कार्यहरू तीव्र गतिमा अघि बढिरहेका छन् । हालसम्म यस राजमार्गमा ८ कि.मि. सडक ढलान तथा ८ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ । साथै, गाउँपालिकाको दीर्घकालीन महत्व बोकेका ४ वटा मुख्य सडकलाई बहुवर्षीय योजनामा समावेश गरी निर्माण कार्य अघि बढाइएको छ । गाउँपालिकाको केन्द्रदेखि जिल्ला सदरमुकाम जोड्ने छोटो दूरीको तिनखुट्टे-बुढाखानी सडक खण्डको कालोपत्रे निर्माण कार्यसमेत छिट्टै प्रारम्भ हुने अवस्थामा रहेको छ ।

त्यसैगरी, आकुरा खोलाको पक्की पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ भने देवीटार र गोल्टारका पक्की पुलहरू निर्माणको अन्तिम चरणमा पुगेका छन् । तिनखुट्टेको पक्की पुलको निर्माण कार्यसमेत सम्पन्न भई सञ्चालनको अन्तिम तयारीमा रहेको छ ।

सूचना प्रविधिको पहुँच विस्तार गर्ने उद्देश्यका साथ मुख्य-मुख्य बस्ती, स्वास्थ्य संस्था, वडा कार्यालय, ४१ वटा विद्यालय तथा महाभारत गाउँपालिकाको कार्यालयमा समेत फाइबर इन्टरनेट जडान गरी सेवा सञ्चालनमा ल्याइएको छ ।

"स्वस्थ नागरिकका लागि स्वच्छ र पर्याप्त खानेपानी" भन्ने मूल नाराका साथ सञ्चालन गरिएको खानेपानी कार्यक्रमअन्तर्गत हालसम्म गाउँपालिकाका करिब २,३०० घरधुरीमा **'एक घर, एक धारा'** कार्यक्रम सम्पन्न भइसकेको छ । यसैगरी, गोकुले बृहत् खानेपानी आयोजना तथा कर्मढुङ्गे खानेपानी आयोजना, वडा नं. ३ लगायतका आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् ।

निश्चय नै, यी महत्वपूर्ण पूर्वाधार आयोजनाहरू सम्पन्न भएपछि आम गाउँपालिकावासी दिदीबहिनी तथा दाजुभाइहरूले विकास र समृद्धिको सकारात्मक अनुभूति गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । विकासका हरेक चरणमा महत्वपूर्ण रचनात्मक सहयोग गर्नुहुने जनप्रतिनिधिज्यूहरू, आम सरोकारवाला, राजनीतिक दल, कर्मचारी, निर्माण व्यवसायी तथा सम्पूर्ण गाउँपालिकावासीप्रति म पुनः हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सुशासन, सेवा प्रवाह र विपद् व्यवस्थापन

संस्थागत विकास र वित्तीय सुशासनमा महाभारत गाउँपालिकाले बागमती प्रदेशमै अग्रणी स्थान कायम राखेको छ । लगातार तीन वर्ष 'शून्य बेरुजु' कायम गर्दै हामीले देशमै उदाहरणीय पहिचान स्थापित गरेका छौं । यो निश्चय नै हाम्रो लागि मात्रै नभई समग्र राष्ट्रको लागि गौरवको विषय हो । यस अवसरमा म यहाँहरु समक्ष खुसी व्यक्त गर्दै यस कार्यमा आफ्नो अमूल्य योगदान गर्नु हुने आमनागरिक लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता छु । सूचना प्रविधिको प्रयोग गरी E-Governance मार्फत छिटो-छरितो सेवा र डिजिटल प्रणालीको प्रयोगले सुशासनको नयाँ अभ्यास सुरु गरेको छ ।

विपद् व्यवस्थापन र रोजगार प्रवर्द्धनतर्गत विपद् जोखिम न्यूनीकरण ऐन, २०८२ र GIS Mapping प्रणाली लागू गरिएको छ । असोजको भारी वर्षा र बाढी-पहिरोबाट अवरुद्ध सडक, विद्युत र सञ्चार सेवा तत्काल सुचारु गरिनुका साथै प्रभावितहरूलाई आवास निर्माणको दोस्रो किस्ता राहत वितरण कार्य अन्तिम चरणमा पुगेको छ। रोजगार सेवा केन्द्रमार्फत 'कामका लागि पारिश्रमिक' अन्तर्गत २९ वटा आयोजना

सम्पन्न गरी कुल बजेटको ८७ प्रतिशत रकम सिधै श्रमिकको पारिश्रमिकमा खर्च गरिएको छ । साथै, स्थानीय स्तरबाटै पुनः श्रम स्वीकृति सेवा सुरु गरी वैदेशिक रोजगारीको प्रक्रियालाई अत्यन्त सहज र जनमुखी बनाइएको छ ।

सभाका सदस्यज्यूहरू,

सामाजिक समावेशीकरण र कानुनी न्यायका क्षेत्रमा पनि उत्तिकै महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन् । लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत विपन्न नागरिकलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरू प्रदान गरिएको छ भने न्यायिक समितिले ११ पटक बैठक बसी प्राप्त विवादहरू फछ्यौंट गरी 'शून्य बक्यौता' कायम राखेको छ । सामाजिक सुरक्षातर्फ शिविरमार्फत ४३० जनाको राष्ट्रिय परिचयपत्र दर्ता र भत्ता नवीकरणका लागि २ वटा IRIS Device को व्यवस्था गरिएको छ । बालविवाह न्यूनीकरणका लागि वडास्तरीय बालक्लब गठन, लैङ्गिक हिंसा विरुद्ध सचेतना र बालमैत्री स्थानीय शासन घोषणाको कार्यक्रम सफलतापूर्वक शुभारम्भ गरिएको छ ।

सीमित स्रोतसाधन र अनिवार्य दायित्वको वित्तीय चापका बावजुद महाभारत गाउँपालिकाले नीतिगत, व्यवस्थापकीय र प्राज्ञिक क्षेत्रमा एक बलियो र गर्व गर्न लायक जग बसालेको छ । पुँजीगत खर्च बढाउन आगामी दिनमा ढिलो ठेक्का लाग्ने परिपाटीको अन्त्य गर्दै र आयोजना बैंकको पूर्ण कार्यान्वयन गरी यस गाउँपालिकालाई देशकै नमूना स्थानीय तह बनाउन म सम्पूर्ण आदरणीय सदस्यज्यूहरूमा हार्दिक आह्वान गर्दछु ।

सभाका सदस्यज्यूहरू,

अब म आगामी आ. व. २०८३/०८४ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

१. कृषि

- यस गाउँपालिकालाई कृषि–पर्यटकीय हबका रूपमा विकास गर्दै **"कृषियोग्य, व्यापारिक र पर्यटकीय ठाउँ, नवीन प्रविधियुक्त नमुना कफी बगान हेर्न महाभारत जाऔं** भन्ने नाराका साथ चारकिल्ला, चाउडिक, आग्रेटार, महादेवटार, फोक्सिङटार, ठुलोपोखरा, सानोपोखरा, सोक्तेल, अम्बलबास, थिङटोल र आरुबोट लगायतका स्थानमा कफी खेती प्रवर्द्धन गरी कफी पर्यटन क्षेत्र विकास गरिनेछ ।
- कफी खेतीमा आकर्षण र कृषकको उत्साह बढाउन **"जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २० को नोट"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कफी खेतीलगायत कृषि क्षेत्रको जोखिम न्यूनीकरण तथा कृषकको उत्पादन सुरक्षाका लागि कृषि बाली बीमा कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।
- प्रत्येक वडाको भौगोलिक तथा जलवायु विशेषताका आधारमा उपयुक्त बालीको पकेट क्षेत्र विकास गर्दै **"एक वडा एक उत्पादन"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मौसमी तथा बेमौसमी फलफूल र तरकारी, विशेषगरी **तरबुजा तथा अकबरे खुर्सानी**को उत्पादन वृद्धि गर्न आधुनिक तथा प्रविधिमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रै गुणस्तरीय तरकारी तथा फलफूलका बीउ र बिरुवा सहज रूपमा उपलब्ध गराउन **एक नमुना नर्सरी स्थापना** गरिनेछ ।

- रैथाने तथा स्थानीय जातका बालीहरूको उत्पादन वृद्धि, संरक्षण तथा बजार प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- बढ्दो जलवायु परिवर्तनको जोखिम न्यूनीकरण तथा भिरालो जमिनको संरक्षणका लागि फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- माटोको दीर्घकालीन उर्वराशक्ति तथा उत्पादन क्षमता संरक्षण गर्न प्रत्येक दुई वर्षमा कृषकको **माटो परीक्षण** गराई परीक्षणको अवस्था समेटिएको **"माटो स्वास्थ्य कार्ड"** कृषकलाई उपलब्ध गराइनेछ ।
- रासायनिक विषादीको हानिकारक प्रभाव न्यूनीकरण गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) र एकीकृत बोटबिरुवा पोषक तत्व व्यवस्थापन (IPNS) प्रविधिलाई प्राथमिकता दिइनेछ ।
- कृषि पेसालाई आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धी बनाउन मिनिटिलर, मल्चिङ प्लास्टिक, प्लास्टिक पोखरी, थोपा सिँचाइ लगायतका आधुनिक कृषि प्रविधि तथा यन्त्रमा अनुदानको सीमा वृद्धि गरिनेछ ।
- नयाँ जात तथा प्रविधिको परीक्षण तथा प्रदर्शन, कृषि मेला तथा प्रदर्शनी, कृषक पाठशाला, कृषक दिवस, कृषक भ्रमण र बाली उपचार शिविर लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषक समूह तथा कृषि सहकारीहरूको क्षमता अभिवृद्धि गरी कृषि उत्पादन, प्रशोधन, बजारीकरण तथा कृषि कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- कृषकले उत्पादन गरेको कृषि उपजको परिमाणका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराप इनेछ तथा उत्कृष्ट कृषकलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजार सुनिश्चितताका लागि कृषक, कृषक समूह तथा कृषि सहकारीबाट उत्पादित कृषि उपजलाई सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रममा समावेश गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।
- कृषि विषय अध्ययन गरी बेरोजगार रहेका युवालाई व्यावसायिक कृषितर्फ आकर्षित गर्न प्रस्तावनामा आधारित व्यावसायिक कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानअन्तर्गतको **रासायनिक मलको कोटा वृद्धि** गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाभित्रका कृषकको विवरण, बाली उत्पादन क्षेत्र तथा उत्पादन अवस्थाको यकिन गर्न वार्षिक रूपमा कृषि तथ्याङ्क संकलन गरी कृषकलाई **"किसान परिचयपत्र"** वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषि कार्यक्रम, प्रविधि, अनुदान तथा अन्य अवसरसम्बन्धी सूचनाहरू समयमै कृषकसमक्ष पुर्‍याउन सञ्चार तथा सूचना सम्प्रेषण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

२. पशुपन्छी विकास

- कृषकहरूलाई घरदैलोमै गुणस्तरीय र सुलभ प्राविधिक सेवा उपलब्ध गराउन "एक गाउँ एक पशु प्राविधिक" कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- पशुपालनलाई आधुनिकीकरण गर्न कृषकहरूका लागि आवासीय स्तरको तालिम सञ्चालन गरिनेछ ।
- पशुपन्छीको स्वास्थ्य रक्षाका लागि आवश्यक औषधिहरू खरिद गरी पूर्ण रूपमा निःशुल्क

वितरण गरिनेछ ।
- रोगहरूको समयमै सही पहिचान र उपचारका लागि प्रयोगशाला स्थापना तथा व्यवस्थापन गरिनेछ ।
- पशुबाट मानिसमा सर्न सक्ने घातक रोगहरूको रोकथामका लागि सचेतना र खोप कार्यक्रम चलाइनेछ ।
- सामुदायिक तथा घरपालुवा कुकुर/बिरालाहरूलाई रेबिज विरुद्धको खोप र बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ५० प्रतिशत लागत साझेदारीमा घाँसेबालीको नर्सरी स्थापना र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- मलमूत्रको एकीकृत व्यवस्थापन र जैविक मल उत्पादनका लागि भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपालनलाई व्यावसायिक र कम लागतको बनाउन घाँसेबालीमा आधारित पशुपालन प्रवर्द्धन कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ ।

३. सहकारी, लघु उद्यम
- पालिकाभित्रका सबै सहकारीहरूको लगत संकलन, नवीकरण र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध स्रोत र सम्भावनामा आधारित उत्पादनमूलक तथा सेवामूलक लघु उद्यमको स्थापना, विस्तार र प्रवर्द्धन गरिनेछ ।
- महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बेरोजगार युवा तथा विपन्न समुदायलाई उद्यम विकास कार्यक्रममा सहभागिताको लागि प्राथमिकता दिईनेछ ।
- उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि उद्यमशीलता, व्यवसाय व्यवस्थापन तथा सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ, प्याकेजिङ तथा प्रदर्शनी कार्यक्रममार्फत बजार पहुँच विस्तार गर्नलाई विशेष जोड दिईनेछ ।
- नवप्रवर्तन, डिजिटल प्रविधि तथा सूचना प्रविधिमा आधारित उद्यम विकासलाई प्रोत्साहन गरिनेछ ।
- उद्यमी पहिचान तथा छनोट कार्यक्रम सञ्चालन गरी नयाँ उद्यमीहरू तयार गरिनेछ ।
- तालिम प्राप्त उद्यमीहरूलाई आवश्यक प्रविधि, औजार तथा उपकरण सहयोग उपलब्ध गराइनेछ ।
- उत्कृष्ट उद्यमीहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने नीति लिईनेछ ।
- स्थापना भएका उद्यमहरूको नियमित अनुगमन तथा परामर्श सेवा उपलब्ध गराउने नीति लिईनेछ ।

४. संस्कृति तथा पर्यटन
- सम्भाव्य पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण, सम्भाव्यता अध्ययन र पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रूपमा विकास गरी मौलिक वास्तुकला र मूर्तिकला निर्माणमा जोड गरिनेछ ।
- पालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरूको लिपि तथा व्याकरणको संरक्षण र

प्रवर्द्धन गरिनेछ ।

५. शिक्षा

- **महाभारतको इच्छाः "अनिवार्य तथा निःशुल्क शिक्षा"** अन्तर्गत जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा अनिवार्य अध्ययन गराउने व्यवस्था गरिनेछ ।
- प्राविधिक, विज्ञान तथा सामान्य धारका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई गाउँपालिकामा अनिवार्य सेवा गर्ने व्यवस्था गरिनेछ ।
- प्रत्येक शुक्रबार 'Book-Free Day' लागू गरी विद्यार्थीलाई व्यावहारिक, सीपमूलक तथा उत्पादनमूलक सिकाइसँग जोडिनेछ ।
- प्राविधिक धारका विद्यार्थीका लागि **"पढ्दै कमाउँदै"** नीति अवलम्बन गर्दै कार्यस्थलमा आधारित On-the-Job Training (OJT) को व्यवस्था गरिनेछ ।
- **"सामुदायिक विद्यालयको सुधारः महाभारत सरकारको कार्यभार"** भन्ने नाराका साथ सामुदायिक विद्यालयको शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धिका लागि आवश्यक पहल गरिनेछ ।
- परीक्षालाई व्यवस्थित, मर्यादित र गुणस्तरीय बनाउन कक्षा ५ को वडास्तरीय तथा कक्षा ८ को गाउँपालिकास्तरीय सार्वजनिक परीक्षा सञ्चालन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **गाउँपालिका, प्रधानाध्यापक तथा शिक्षकबीच कार्यसम्पादन सम्झौता** गरी जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गरिनेछ ।
- कम विद्यार्थी संख्या भएका विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकता र सम्भाव्यताका आधारमा विद्यालय समायोजन तथा कक्षा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- बालबालिकाको आवाज सुन्ने तथा नैतिक शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यले **"विद्यार्थीसँग गाउँपालिका"** कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीको स्वास्थ्य, सकारात्मक सोच र अनुशासन विकास गर्न विद्यालयमा दैनिक १५ मिनेट योग तथा ध्यानसहित कक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

६. स्वास्थ्य

- नेपालको संविधानको धारा ३५ बमोजिम नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गर्दै प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवामा जोड दिइनेछ ।
- **"शून्य होम डेलिभरी वडा"** अभियानलाई प्रभावकारी बनाउँदै गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा र संस्थागत सुत्केरी आमालाई पोषण खर्च वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच र सामाजिक समावेशिता सुनिश्चित गर्न स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, औषधि तथा उपकरण व्यवस्थापनमा जोड दिइनेछ ।
- **"कुपोषण र विभेद, महाभारतमा निषेध"** भन्ने नाराका साथ बालबालिका तथा किशोरकिशोरीको नियमित स्वास्थ्य परीक्षण, जोखिम पहिचान, परामर्श, पोषण तथा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा प्रदान गर्दै पोषणमैत्री तथा किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था विकास गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सुशासन र गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाको सामाजिक परीक्षण

तथा नियमित अनुगमन गरिनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास, जनस्वास्थ्य शिक्षा तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- घर्तिछाप स्वास्थ्य चौकीमा चिकित्सक सेवा सञ्चालन तथा विस्तारका लागि प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- डेंगी, क्षयरोग, कोरोना लगायतका सरुवा रोगको रोकथाम, नियन्त्रण, उपचार तथा प्रेषण व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था गरिने छ ।
- **"महाभारत बन्दैछ, बा—आमालाई सञ्चै छ"** भन्ने नाराका साथ मुटु तथा रक्तनलीसम्बन्धी रोग, दम, उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौलालगायत नसर्ने रोगको समयमै पहिचान तथा न्यूनीकरणका लागि टोल—टोलमा एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न गाउँघर क्लिनिक तथा खोप क्लिनिक सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- संस्थागत सुत्केरी बढाई नवजात शिशु मृत्युदर घटाउन महिला स्वास्थ्य स्वयंसेविका परिचालन तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- Antimicrobial Resistance (AMR) को प्रभाव न्यूनीकरणका लागि मानव, पशु तथा वातावरणीय स्वास्थ्यसम्बन्धी सचेतना, शिक्षा तथा तालिम सञ्चालन गरिनेछ ।
- गर्भमा रहेका शिशुको सम्भावित शारीरिक समस्या समयमै पहिचान गरी जोखिम न्यूनीकरण गर्न वडास्तरमा ग्रामीण भिडियो एक्स—रे तथा एनोमली स्क्यान सेवा विस्तार गरिनेछ ।
- घर्तिछाप स्वास्थ्य चौकीमा सञ्चालित भ्याक्सिन सब—स्टोरलाई निरन्तरता दिँदै पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- महाभारत गाउँपालिकाका सम्पूर्ण नागरिकलाई **निःशुल्क स्वास्थ्य बीमामा आबद्ध** गरी स्वास्थ्य सेवाको मूल प्रवाहमा समावेश गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा स्थलगत अनुशिक्षणमार्फत सेवा प्रवाहको गुणस्तर र संस्थागत क्षमता सुदृढीकरण गरिनेछ .
- विद्यालय नर्स नभएका माध्यमिक तथा आधारभूत विद्यालयमा एकीकृत विद्यालय स्वास्थ्य प्याकेज सञ्चालन गरिनेछ। यसअन्तर्गत पोषण, महिनावारी स्वच्छता, सरुवा तथा नसर्ने रोग परीक्षण, स्वस्थ जीवनशैलीसम्बन्धी परामर्श तथा पत्रु खाना, धूम्रपान र मद्यपान नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. युवा तथा खेलकुद कार्यक्रम

- **"स्वास्थ्यका लागि खेलकुद"** भन्ने मूल नाराका साथ गाउँपालिका तथा वडास्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि अध्यक्ष कप तथा आधारभूत तह (कक्षा १-८) स्तरीय उपाध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने तथा सहभागी हुने खेलाडी र प्रशिक्षकलाई

सम्मान तथा अभिनन्दन गर्ने नीति लिइनेछ ।

- खेलकुद गतिविधिलाई नियमन, व्यवस्थित तथा संस्थागत गर्न गाउँ खेलकुद समिति गठन गरी खेल क्लब, संघ–संस्था तथा वडास्तरीय खेलकुद समितिको व्यवस्थापन र समन्वय गरिनेछ ।
- खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्दै खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई प्रोत्साहन गरिनेछ । खेलाडीको क्षमता तथा स्तरवृद्धिका लागि आवश्यकताअनुसार विभिन्न खेलको तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ ।

८. भौतिक पूर्वाधार, खानेपानी तथा सिँचाइ

- गाउँपालिकाभित्रका सडकको अधिकारक्षेत्र निर्धारण गरी सडक मापदण्ड कार्यान्वयन गर्दै यातायात गुरुयोजनाअनुसार नयाँ सडक निर्माण तथा विद्यमान सडकको मर्मत, स्तरोन्नति र व्यवस्थित विकासलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका केन्द्र, सबै वडा केन्द्र तथा स्वास्थ्य संस्थासम्म बाह्रै महिना सहज यातायात सञ्चालन हुने गरी पहुँच विस्तार गर्ने नीति लिइनेछ ।
- प्रत्येक आ.व.मा कम्तीमा २ कि.मि. पक्की सडक निर्माण गर्दै प्रमुख आयोजनामा वातावरणीय अध्ययन, पानी निकास तथा बायोइन्जिनियरिङ प्रविधिलाई प्राथमिकता दिइनेछ ।
- बस्ती विकास तथा भवन निर्माणमा **आधारभूत मापदण्ड तथा राष्ट्रिय भवन संहिताको** पालना हुने गरी नक्सापाससम्बन्धी आवश्यक कानून निर्माण तथा कार्यान्वयन गरिनेछ। पूर्वाधार निर्माणमा **बालमैत्री तथा अपाङ्गतामैत्री मापदण्डको** पालना गरिनेछ ।
- गाउँपालिकाको **वास प्लान** (WASH Plan) निर्माण गरी **"एक घर, एक धारा"** नीतिलाई निरन्तरता दिइनेछ। खानेपानी आयोजनाको **वार्षिक गुणस्तर परीक्षण** गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्रका **धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण र प्रवर्द्धनका** लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

९. वन, वातावरण तथा विपद् व्यवस्थापन

- विकास आयोजनाको प्रकृति र आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य रूपमा गरिनेछ ।
- ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन र संकलनलाई सङ्घीय तथा प्रदेश कानूनबमोजिम व्यवस्थित गरिनेछ ।
- स्यानिटरी ल्यान्डफिल साइटको व्यवस्था गरी फोहोरलाई स्रोतमै वर्गीकरण तथा व्यवस्थित संकलन गर्ने प्रणाली लागू गरिनेछ ।
- एम्बुलेन्स, दमकल लगायतका आवश्यक साधन-स्रोतसहित आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

१०. कार्यालय सञ्चालन, सुशासन र प्रविधि

- नागरिकका उजुरी, समस्या तथा गुनासोको अनलाइन माध्यमबाट शीघ्र सम्बोधन गर्न "Citizen

Grievances Response App" निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

- गाउँपालिका तथा मातहतका कार्यालयमा डिजिटल फाइल प्रणाली र विद्युतीय हाजिरी अनिवार्य गर्दै क्रमशः Paperless Office अवधारणा लागू गरिनेछ ।
- **"हाम्रो महाभारत"** मोबाइल एपमार्फत नागरिक वडापत्र, सूचना तथा गाउँपालिकाको प्रोफाइल सहज रूपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- योजना व्यवस्थापन (PPMS), लेखाङ्कन, राजस्व तथा ई-सिफारिसलाई एकीकृत डिजिटल प्रणालीमा आबद्ध गरिनेछ ।
- गाउँपालिकाको मासिक आय–व्यय विवरण सूचनापाटी तथा आधिकारिक वेबसाइटमार्फत नियमित रूपमा सार्वजनिक गरिनेछ ।
- विकास योजनाको भुक्तानीपूर्व Pre-Audit तथा सघन अनुगमन गरी योजना कार्यान्वयनमा वित्तीय अनुशासन र गुणस्तर सुनिश्चित गरिनेछ
- कर्मचारीको पदीय जवाफदेहिता अभिवृद्धिका लागि मासिक, त्रैमासिक तथा वार्षिक प्रगति समीक्षालाई परिणाममुखी बनाइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि स्थानीय शासन, कानून, बजेट, सूचना प्रविधि तथा वित्तीय अनुशासनसम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- आवधिक योजना, मध्यकालीन खर्च संरचना (MTEF) तथा गुरुयोजनालाई अद्यावधिक गरी वार्षिक बजेटसँग तादात्म्यता कायम गरिनेछ ।
- विकट बस्तीमा एकीकृत घुम्ती शिविर सञ्चालन गरी नागरिकता सिफारिस, स्वास्थ्य परीक्षण तथा ज्येष्ठ नागरिक परिचयपत्रलगायतका सेवा घरदैलोमै उपलब्ध गराइनेछ ।
- आन्तरिक राजस्वको दायरा विस्तार गर्दै व्यवसाय दर्ता तथा कर प्रणालीलाई व्यवस्थित गरी राजस्व चुहावट नियन्त्रण गरिनेछ ।
- सुशासन र पारदर्शिता कायम गर्न अर्धवार्षिक तथा वार्षिक सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

११. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

- उत्पादन, उद्यमशीलता, सीप विकास तथा स्वरोजगारमार्फत रोजगारी सिर्जना र न्यूनतम रोजगारी प्रत्याभूतिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको सीप पहिचान तथा परीक्षण गरी उद्यमशीलता प्रवर्द्धन गरिनेछ र सहुलियतपूर्ण कर्जाका लागि आवश्यक समन्वय गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्ति तथा परिवारलाई सुरक्षित आप्रवासन, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्शसम्बन्धी सेवा उपलब्ध गराइनेछ ।
- वैदेशिक रोजगारसम्बन्धी श्रम स्वीकृति, पुनः श्रम स्वीकृति तथा अन्य आवश्यक सेवा रोजगार सेवा केन्द्रबाटै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि रोजगार संवाद मञ्च, श्रम संसार पोर्टल तथा रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाइनेछ ।
- बेरोजगार व्यक्तिलाई रोजगार प्रणालीमा सूचीकृत हुन प्रोत्साहित गर्दै **"श्रमको सम्मान, राष्ट्रको**

अभियान" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. सामाजिक सुरक्षा तथा पञ्जीकरण

- **"गाउँपालिकाको इच्छा; हातैमा सामाजिक सुरक्षा भत्ता"** कार्यक्रममार्फत लाभग्राहीलाई वडा तहमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नवीकरण कार्य बायोमेट्रिक प्रमाणीकरणमार्फत गर्ने व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिकलाई लक्षित गरी घुम्ती सेवामार्फत गाउँघरमै राष्ट्रिय परिचयपत्र वितरण गर्ने व्यवस्था गरिनेछ ।
- व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत पुऱ्याउन **"वैशाखमा एक हप्ता; घटना दर्ता सप्ताह"** कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. न्यायिक निरुपण

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम न्यायिक समितिलाई निष्पक्ष, पारदर्शी, छिटोछरय रितो तथा जनउत्तरदायी बनाउँदै इजलास सञ्चालनलाई नियमित र व्यवस्थित गरिनेछ ।
- विवाद समाधानमा मेलमिलापलाई प्राथमिकता दिँदै समुदायस्तरीय मेलमिलाप केन्द्रलाई सुदृढ गरिनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको न्यायमा समान पहुँच सुनिश्चित गर्दै कानुनी सचेतना अभिवृद्धि गरिनेछ ।
- मेलमिलापकर्ताको क्षमता विकास, आवश्यक स्रोतसाधन तथा प्रचलित कानुनबमोजिम भत्ताको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको अभिलेख तथा सूचना व्यवस्थापनलाई प्रविधिमैत्री बनाउँदै उत्कृष्ट अभ्यास आदानप्रदानका लागि अन्य स्थानीय तहसँग सहकार्य गरिनेछ ।

१४. सूचना तथा प्रविधि

- कार्यालयका प्रशासनिक तथा सेवा प्रवाहसम्बन्धी कार्यलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्दै वेबसाइट तथा सूचना प्रणालीलाई नियमित अद्यावधिक गरिनेछ ।
- कार्यालयको आवश्यकता अनुसार Physical Server तथा Virtual Machine (VM) प्रविधिको प्रयोग गरी सूचना प्रविधि पूर्वाधारलाई व्यवस्थित गरिनेछ ।
- सूचना तथा तथ्याङ्कको सुरक्षा र गोपनीयताका लागि विद्युतीय अभिलेख, नियमित Data Back-up, Disaster Recovery तथा Data Protection प्रणाली लागू गरिनेछ ।
- साइबर सुरक्षा सुदृढ गर्दै सुरक्षित सूचना प्रणाली सञ्चालन तथा प्रयोगकर्ताको साइबर सुरक्षा सचेतना अभिवृद्धि गरिनेछ।

१५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीति कार्यान्वयन गर्दै महिला, बालबालिका,

विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत वर्गको उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिकालाई बालमैत्री स्थानीय तह तथा बालविवाहमुक्त गाउँपालिका बनाउन लक्षित कार्यक्रम तथा जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- आमाबुबाविहीन तथा जोखिममा रहेका बालबालिकाको शिक्षा, संरक्षण तथा पालनपोषणका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार, सम्मान, संरक्षण तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक तथा गाउँपालिकाका संरचनालाई बालमैत्री तथा अपाङ्गतामैत्री बनाउँदै जनप्रतिनिधि तथा कर्मचारीका लागि तनाव व्यवस्थापन तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. सार्वजनिक खरिद, मर्मत सम्भार तथा जिन्सी सुशासन

- सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी र कानुनसम्मत बनाउन लागत अनुमानदेखि ठेक्का सम्झौतासम्मका कार्य e-GP प्रणालीमार्फत गरिनेछ ।
- स्वीकृत वार्षिक खरिद योजना र वास्तविक बजार मूल्यका आधारमा मात्र खरिद गरिनेछ ।
- सरकारी स्रोतको बचतका लागि **"खरिद अघि मर्मत"** नीति अवलम्बन गरी सवारी साधन, कम्प्युटर तथा मेसिनरी सामानको मर्मत तथा पुनःप्रयोगलाई प्राथमिकता दिइनेछ ।
- सरकारी सम्पत्तिको अभिलेख तथा व्यवस्थापनका लागि PAMSv2 तथा QR Code प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापनसम्बन्धी कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

महाभारत गाउँपालिकाको समग्र विकास, नागरिकको सुख, सम्मान र उज्ज्वल भविष्यलाई केन्द्रमा राखी आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गरेको छु । यो नीति तथा कार्यक्रम केवल योजना र कार्यक्रमको दस्तावेज मात्र नभई महाभारतको समृद्ध भविष्य निर्माण गर्ने हाम्रो साझा दृष्टिकोण, प्रतिबद्धता र संकल्प हो ।

विगतका उपलब्धिलाई संस्थागत गर्दै आगामी दिनमा उत्पादन र रोजगारी वृद्धि, कृषि तथा पर्यटनको प्रवर्द्धन, गुणस्तरीय शिक्षा र स्वास्थ्य, सन्तुलित तथा दिगो पूर्वाधार, प्रविधिमैत्री सेवा प्रवाह, पारदर्शी सुशासन र सामाजिक न्यायलाई थप प्रभावकारी रूपमा अघि बढाउने हाम्रो लक्ष्य रहेको छ । यहाँको माटो, श्रम, सीप, स्रोत र सम्भावनालाई गाउँपालिकाको आर्थिक समृद्धिको आधार बनाउँदै 'समृद्ध महाभारत÷लाई नागरिकको जीवनमा अनुभूति हुने वास्तविकतामा रूपान्तरण गर्ने हाम्रो प्रयास रहनेछ ।

महाभारतको समृद्धि कुनै एक व्यक्ति, नेतृत्व वा संस्थाको प्रयासबाट मात्र सम्भव छैन । यो हामी सबैको साझा यात्रा हो । त्यसैले जनप्रतिनिधि, कर्मचारी, शिक्षक, किसान, उद्यमी, श्रमिक, युवा, महिला, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, सञ्चार जगत् र विकास साझेदारलगायत सम्पूर्ण गाउँपालिकावासीको साथ, सहयोग र रचनात्मक सहभागिताबाट मात्र हाम्रो संकल्पले सार्थकता पाउनेछ ।

अन्त्यमा, **"समुन्नत महाभारत, सुखी महाभारतवासी"** को साझा लक्ष्य प्राप्तिका लागि हामी सबै एकताबद्ध

भई अघि बढ्ने प्रतिबद्धतासहित प्रस्तुत नीति तथा कार्यक्रमप्रति यहाँहरूको रचनात्मक सुझाव, सहयोग र समर्थनको अपेक्षा गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमार्फत महाभारतको समग्र विकास र समृद्धिको यात्रालाई थप सुदृढ बनाउन हामी सबैको साथ र सहकार्य रहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद, जय महाभारत !

.....

कान्छालाल जिम्बा

अध्यक्ष

९ असार,२०८३

आर्थिक वर्ष २०८३/ ०८४ को

बजेट वक्तव्य

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक

यस गरिमामय सभाका सभाध्यक्षज्यू,

वडा अध्यक्षज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चार जगत, नागरिक समाज, बुद्धिजीवी, सुरक्षाकर्मी तथा आम महाभारत गाउँपालिकावासी आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरु ।

यस गरिमामय सभामा महाभारत गाउँपालिकाको तर्फबाट विकासका लागि मार्गदर्शनको रूपमा रहने गाउँसभामार्फत आगामी आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित छु । यस महत्वपूर्ण घडीमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि इतिहासका विभिन्न कालखण्डमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरूमा प्राण आहुति गर्नुहुने ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। लोकतन्त्र प्राप्ति तथा गणतन्त्र स्थापनाका क्रममा अग्रणी भूमिका निर्वाह गर्नुहुने व्यक्तित्व र आम जनसमुदायमा उच्च सम्मान गर्दै हार्दिक आभार प्रकट गर्दछु । साथै विभिन्न आन्दोलनमा घाइते भएका योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

आगामी बजेट महाभारतको समृद्धि, प्रविधिमा आधारित सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । बजेट तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासको लक्ष्य, पालिकाको नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकतामाथिको छलफलको क्रममा सभाका सदस्यहरू, राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी तथा सरोकारवालाहरूबाट प्राप्त राय सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएको छु।

सभाध्यक्ष महोदय,

हामी यतिबेला एक विशिष्ट र परिवर्तनकारी राजनीतिक तथा सामाजिक कालखण्डमा उभिएका छौं । नेपालको हालैको राजनीतिक इतिहासमा 'जेन्जी (Gen Z) आन्दोलन' र यसले ल्याएको अभूतपूर्व सत्ता परिवर्तनले राज्य सञ्चालनमा परम्परागत शैलीको अन्त्य र डिजिटल युगका युवाहरूको आकांक्षाको सम्बोधन खोजेको छ । सूचना प्रविधिको तीव्र विकास र नवप्रवर्तन (Innovation) को जगमा उभिएको यो नयाँ पुस्ताले सार्वजनिक सेवा प्रवाहमा पूर्ण पारदर्शिता, द्रुत गति, र प्रविधिको उच्चतम प्रयोगको माग गरेको छ । यस सत्ता परिवर्तन र सामाजिक रूपान्तरणले हामी स्थानीय सरकारलाई पनि नागरिकप्रति थप जवाफदेही, उत्तरदायी र प्रविधिमैत्री बन्न उत्प्रेरित गरेको छ । आगामी वर्षको बजेटले यो नयाँ पुस्ताको भावना, रोजगारीको आधुनिक अवसर र प्रविधिमा आधारित सुशासनको चाहनालाई आत्मसात् गरेको छ ।

अर्कोतर्फ, वर्तमान विश्व भू-राजनीति मा आएको तीव्र उतारचढाव र शक्ति सन्तुलनको परकम्पबाट हाम्रो देश र स्थानीय अर्थतन्त्र समेत अछुतो रहन सकेको छैन । दुई ठूला छिमेकी मुलुकहरूको आर्थिक तथा सामरिक प्रतिष्पर्धा र विश्वव्यापी आर्थिक मन्दीका कारण सिर्जित आपूर्ति शृङ्खलाको अवरोधले देशको समष्टिगत आर्थिक परिसूचकहरूमा संकुचन आएको छ । तर, यस भू-राजनीतिक अवस्थितिलाई हामीले केवल चुनौतीका रूपमा मात्र हेरेका छैनौं । यसले हामीलाई 'आत्मनिर्भर स्थानीय अर्थतन्त्र' निर्माण गर्ने र स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै बाह्य परनिर्भरता घटाउने एउटा सुनौलो अवसर समेत प्रदान गरेको छ । महाभारत गाउँपालिकाले यस परिवेशलाई बुझ्दै आफ्नै आन्तरिक स्रोतको पहिचान र परिचालनमा

जोड दिने नीति लिएको छ ।

अब, म महाभारत गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आ.व. को बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०८२/८३ मा कूल ६० करोड १३ लाख १ हजार ४ सय १३ बजेट विनियोजन भएकोमा क्षेत्रगतरुपमा हालसम्म सामाजिक विकासतर्फ ६५ .६८ प्रतिशत, आर्थिक विकासतर्फ ३९.०७ प्रतिशत, पूर्वाधार विकासतर्फ ३६.५८ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ५२.७३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४२.६१ प्रतिशत खर्च भएको छ । यसरी हालसम्म कूल बजेटको ५२.४१ प्रतिशत खर्च प्रगति रहेको देखिन्छ ।

अब, म बजेट प्रणालीमा देखिएका मुख्य चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्दछु ।

यस महाभारत गाउँपालिकाको समृद्धिका लागि हामीले अझ थुप्रै क्षेत्रहरू जस्तै-शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र रोजगारी जस्ता क्षेत्रमा अपेक्षित उपलब्धी हासिल गर्न धेरै कामहरू गर्नुपर्ने छ। त्यसका लागि दूरगामी दृष्टिकोण, दीर्घकालीन सोच, योजना निर्माण र गुणात्मक कार्यान्वयन गर्नको लागि हामीलाई पुँजीको आवश्यकता पर्दछ नै । भौगोलिक रूपमा विकट महाभारत गाउँपालिकामा देशको विषम आर्थिक अवस्थाका कारण नेपाल सरकार र प्रदेश सरकारबाट अपेक्षित बजेट अनुदान झन-झन कटौती भई आएको हुँदा हामीसँग भएका असीमित अपेक्षाहरू र योजनाहरू एकै पटकमा समेट्न र बजेट व्यवस्था गर्न कठीन छ। यस सन्दर्भमा आगामी आर्थिक वर्षहरूमा प्राथमिकीकरणको आधारमा योजनाहरू समेट्दै जाने प्रतिबद्धता दिलाउन चाहन्छु।

आर्थिक विकासको प्रभावकारिता बढाउन र राजस्व प्रणालीमा सुधार, करको दायरा विस्तार गरी लक्ष्यानुरुपको राजस्व सङ्कलन गर्नु आजको मुख्य चुनौतीको विषय रहेको छ । सार्वजनिक प्रशासनलाई व्यावसायिक, दक्ष, प्रविधिमैत्री र नतिजामुखी बनाई पालिकाको उद्देश्य प्राप्तिमा परिचालन गर्नु पनि चुनौतीपूर्ण रहेको छ ।

उल्लेखित अनेकौं चुनौती र स्रोतको संकुचनका बाबजुद गाउँपालिकाले लिएका दृढ पहलकदमीका कारण वित्तीय सुशासनको क्षेत्रमा हामीले एउटा गौरवपूर्ण इतिहास रच्न सफल भएका छौं । हामीले लगातार तीन आर्थिक वर्ष 'शून्य बेरुजु' कायम गर्न सफल भएका छौं । यो गौरविलो सफलताले हाम्रो वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिताको उच्चतम स्तरलाई प्रमाणित गर्दछ । यसका साथै वित्तीय सुशासन तथा कार्यसम्पादन मूल्याङ्कन सूचक मा समेत महाभारत गाउँपालिकाले देशैभरि अनुकरणीय कार्य गर्न सफल भएको व्यहोरा म यस गरिमामय सभा समक्ष सहर्ष जानकारी गराउन चाहन्छु । यो सफलतालाई आगामी दिनमा पनि संस्थागत गर्नु हाम्रो मुख्य दायित्व हुनेछ ।

विविध कठिनाइ, भौगोलिक विकटता र चुनौतीका बाबजुद यस गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षा निकाय एवं सञ्चार जगत् प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी यात्राहरूमा पनि निरन्तर सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा गर्दछु ।

गाउँपालिकाको हरेक योजना, अभियान र कार्यमा अहर्निश सहयोग गर्नुहुने आदरणीय गाउँपालिकावासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा विशेष धन्यवाद दिन चाहन्छु । नयाँ राजनीतिक चेतना र

बदलिँदो परिवेशमा महाभारत गाउँपालिकालाई समृद्ध, सुशासित र आर्थिक रूपमा सबल बनाउने हाम्रो यो साझा यात्रामा यहाँहरू सबैको साथ र समर्थन निरन्तर रहनेछ भन्ने विश्वास लिएको छु ।

सभाका सभाध्यक्षज्यू,

अब आ.व. २०८३/८४ को बजेट तर्जुमा गर्दा लिएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- नेपालको संविधानले निर्दिष्ट गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय तथा प्राथमिकताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता आधार,
- गाउँसभाबाट आ.व. ०८३/८४ मा पारित नीति तथा कार्यक्रम,
- राष्ट्रिय प्राकृतिक तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा सन्तुलनका आधारहरु
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का नीतिगत व्यवस्थाहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ ले निर्दिष्ट गरेका वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सिलिङ सहितको मार्गदर्शन,
- सोह्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु,
- गाउँपालिकाको विषयक्षेत्रगत नीति तथा योजनाहरु,
- गाउँपालिकाको आवधिक योजना,
- जनतासँग निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समग्र सार्वजनिक वचनवद्धताहरु ।

सभाका सभाअध्यक्षज्यू,

सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमूलक परिचालन गर्न उपलब्ध अवसर र लाभको समन्यायिक वितरणको आवश्यकता महसुस गर्दै बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

- कृषिको व्यवसायीकरण र उद्यमशीलतामार्फत उत्पादन र स्थानीय रोजगारी वृद्धि गर्ने,
- विनियोजन कुशलता बढाउँदै भौतिक पूर्वाधार र सामाजिक क्षेत्रमा लगानी केन्द्रित गर्ने,
- सीमित स्रोत-साधनको महत्तम उपयोग गरी सार्वजनिक वित्तमा सन्तुलन कायम गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रतिफल र प्रभावकारिता बढाउने,
- सेवा प्रवाहमा सुधार र प्रविधिको प्रयोग गर्दै सुशासन र संघीयतालाई सबल बनाउने ।

बजेटका प्राथमिकताहरू

उल्लेखित उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकताहरू तय गरेको छुः

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र बजारिकरण,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण र शिक्षा, स्वास्थ्य एवं खानेपानीको विकास,
- वन तथा वातावरण संरक्षण, जलवायु अनुकूलन र पूर्वतयारीसहितको विपद् व्यवस्थापन,

- दक्ष जनशक्ति विकास, संस्थागत सबलीकरण र चुस्त सुशासन,
- सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग र नवप्रवर्तनमार्फत युवा उद्यमशीलता विकास ।

सभाअध्यक्षज्यू,

विनियोजन कुशलता तथा कार्यान्वयन दक्षताको अभिवृद्धि गर्दै सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धीमूलक बनाउन टेवा पुग्ने अपेक्षा राख्दै बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । आगामी वर्षको बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिम सुधार प्रस्ताव गरेको छु ।

- बजेट प्रणालीमा सुधार र पुँजीगत खर्च सुधारको लागि आयोजना र कार्यक्रमको प्राथमिकता तय, सार्वजनिक खरिद ऐन नियमावलीको वस्तुनिष्ठ कार्यान्वयन, सम्बद्ध निकाय तथा सरोकारवालाको जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन, बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा साथै अनुगमन तथा सुपरिवेक्षण प्रणालीमा सुधार गरिनेछ,
- विनियोजन कुशलता र स्रोतसाधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ । सार्वजनिक खर्चमा मितव्ययीता हुने गरी आर्थिक अनुशासन कायम गरिनेछ,
- महाभारतको सन्तुलित विकास एवं समृद्धिमा योगदान गर्न सक्ने रुपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान गरी कार्यान्वयनमा लैजाने नीति लिइनेछ,
- आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र नै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ,
- वित्तीय सुशासन कायम गर्न सूचना प्रविधिको उपयोग मार्फत पालिकाको बजेट तर्जुमा, खर्चको लेखाङ्कन, अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

सभाअध्यक्षज्यू, उपस्थित सभाका सदस्यज्यूहरु,

अब, म यस आ.व. २०८३/ ०८४ का लागि संघ सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी विवरण पेस गर्न चाहन्छु ।

संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. **८ करोड ४८ लाख,** सशर्त अनुदान चालुतर्फ रु. **२१ करोड २० लाख,** सशर्त अनुदान पुँजीगत रु. **३५ लाख,** विशेष अनुदान पुँजीगततर्फ रु. **२ करोड ५० लाख**, समपूरक अनुदान पुँजीगत रु. **२ करोड ५२ लाख**, राजश्व बाँडफाँडतर्फ रु. **८ करोड ९१ लाख ४७ हजार** गरी कूल रु. ४३ करोड ९६ लाख ४७ हजार **अनुमानित अनुदान प्राप्त भएको छ ।**

त्यस्तै, प्रदेश सरकारबाट, वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. **७१ लाख ३८ हजार**, सशर्त अनुदान चालुतर्फ रु. **४१ लाख ४ हजार,** ससर्त अनुदान पुँजी ४० लाख, विशेष अनुदानतर्फ रु. ७० लाख, समपूरक अनुदानतर्फ रु.३ करोड २० लाख, **प्रदेश सवारी करतर्फ ३ करोड २१ लाख १० हजार ६ सय ५०** गरी कूल रु ९ करोड ३५ लाख २ हजार अनुदान प्राप्त हुने अनुमान रहेको छ ।

त्यस्तै, आ.व. ०८३।८४ को आन्तरिक राजस्व आय प्रक्षेपण रु. **६१ लाख** , चालू आ.व. को अनुमानित नगद बैंक मौज्दात रु. १३ करोड २८ लाख ९८ हजार गरी जम्मा रु. **१३ करोड ८९ लाख ९८ हजार**

रुपैया हुने अनुमान सहित **आ.व. २०८३/०८४ को कूल बजेट ६६ करोड ४९ लाख ९७ हजार ६ सय ५०** रुपैयाँ अनुमान गरिएको छ ।

जसमध्ये, खर्चतर्फ संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा सवारी कर, आन्तरिक राजश्व आय र चालु आ.व. को बैंक मौज्दात समेत जम्मा रकम रु. **६६ करोड ४९ लाख ९७ हजार ६ सय ५० रुपैया** रकम मध्ये कार्यालय सञ्चालन खर्चतर्फ ८ करोड ७८ लाख ९० हजार र विकास बजेटतर्फ रु. २६ करोड ४३ लाख ४ हजार रुपैया गरि जम्मा ३५ करोड २१ लाख ९४ हजार विनियोजन गरेको छु ।

संघ सशर्त अनुदानतर्फ प्राप्त रु. २६ करोड ५७ लाख तथा प्रदेशबाट सशर्त अनुदानतर्फ प्राप्त रु. **५ करोड ११** लाख ४ हजार रकम गरी जम्मा रु. ३१ करोड ६८ लाख ४ हजार रकमलाई तत् तत् तहबाट नै तय भए बमोजिम खर्च गर्ने प्रबन्ध मिलाएको छ ।

सभाका सदस्यज्यूहरु,

अब, म आ. व. २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीतिसङ्गत कार्यक्रमहरुको प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अब, म गाउँसभाको १९ औं अधिवेशनमार्फत आर्थिक वर्ष २०८३/०८४ का लागि सञ्चालन गरिने विषयगत शाखा तथा क्षेत्र भित्रका प्रमुख नीति तथा कार्यक्रमहरुमा विनियोजन गरेको बजेट प्रस्तुत गर्न चाहन्छु, यद्यपी बजेटमा गाउँ, टोल, बस्ती, प्रत्येक वडा र विभिन्न निकाय तथा क्षेत्रबाट माग भई आए बमोजिमका बजेट चाहना हुँदा हुँदै पनि बजेटको सीमित सीमा तथा अङ्क भएकाले कतिपय कार्यक्रम समावेश गर्न नसक्दा क्षमाप्रार्थी छु ।

अब म आगामी आ. व. २०८३/०८४ को विषयगत एवं क्षेत्रगत रुमा समावेश गरिएका कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

आर्थिक विकास

१. कृषि

- महाभारत गाउँपालिकालाई कृषि पर्यटकीय हबका रूपमा विकास गर्न **"नवीन प्रविधियुक्त नमुना कफी बगान हेर्न महाभारत जाऔं"** भन्ने नाराका साथ सम्भावित क्षेत्रमा कफी खेती प्रवर्द्धन तथा कफी पर्यटन विकासका लागि बजेट व्यवस्था गरेको छु।
- कफी खेतीमा आकर्षण बढाउन "जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २० को नोट" कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- कफी बगैंचा सुधार तथा व्यवस्थापनका लागि कृषकहरूलाई आवश्यक प्राविधिक सहयोग गर्न कृषि बाली बीमा कार्यक्रमलाई आवश्यक बजेट व्यवस्था गरेको छु ।
- "एक वडा एक उत्पादन", एक नमुना नर्सरी स्थापना कार्यक्रम, फलफूल खेती विस्तार लाई निरन्तरता दिएको छु ।
- मौसमी तथा बेमौसमी फलफूल र तरकारी (विशेष गरी तरबुजा र अकबरे खुर्सानी) को उत्पादन बढाउन विभिन्न प्रविधिमा आधारित कार्यक्रमहरू सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

- रैथाने तथा स्थानीय जातका बालीहरूको उत्पादन वृद्धि गराई बजार प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
